सूचनाको हकसम्वन्धि ऐन, २०६४को दफा ५ को उपदफा (३) तथा
नियम (३) वमोजिम
विभाग संग
सम्बन्धित सूचनाको अद्यावधिक र प्रकाशन

खानी तथा भूगर्भ विभाग
२०७४असार सम्म

सूचनाको हकसम्वन्धि ऐन, २०६४को दफा (५) को:

उपदफा (३) अनुसार खानी तथा भूगर्भ विभाग संग सम्बन्धित सूचनाको २०७४ असार महिना सम्मको अद्यावधिक र प्रकाशन

(क) विभागको स्वरुप र प्रकृति:

स्वरुप : स्वदेशमा रहेको खनिज सम्पदाको अन्वेषण कार्य वाट खनिजजन्य उद्योगहरुको विकास गरी देशमा औद्योगिक उत्पादन तथा आर्थिक विकास गर्ने उद्देश्यले नेपाल सरकारवाट २०३३ (सन् १९७६) सालमा तत्कालिन खानी विभाग र भौगर्भिक सर्भेक्षण विभागलाई एकिकृत भई श्री उधोग मन्त्रालय अन्तरगत एक मात्र केन्द्रिय निकाय **"खानी तथा भूगर्भ विभाग"** नामाकरण गरी संचालनमा रहेको छ। नेपाल सरकारको मिति २०५७३।२६ को निर्णय अनुसार स्वीकृत विभागीय संगठन संरचना वमोजिम महानिर्देशकको मातहतमा (क) भू-विज्ञान, (ख) खनिज सम्पदा र (ग) प्राविधिक तथा प्रशासनिक सेवा गरि ३ महाशाखा, ४ उप-महाशाखा र २५ शाखाहरु, राष्ट्रीय भूकम्पमापन केन्द्र, काठमाण्डौ, भूकम्पमापन केन्द्र सुर्खेत (शाखा कार्यालय) तथा पेट्रोलियम अन्वेषण परियोजनाको व्यवस्था गरिएको छ।

प्रकृति : भू-बैज्ञानिक तथा भूकम्पिय अध्ययन, भौगर्भिक सर्वेक्षण, खनिज अन्वेषण, पेट्रोलियम अन्वेषण, खनिज जन्य उद्योगको विकास, खनिज प्रशासन, खानी अनुगमन तथा निरिक्षण।

(ख) विभागको काम, कर्तव्य र अधिकार

नेपाल सरकार कार्य विभाजन नियमावली, २०६९ मा तोकिएबमोजिम उद्योग मन्त्रालयको काम, कर्तव्य र अधिकारको बुँदा नं. २ र ३ मा खानी तथा भूगर्भ सम्बन्धी देहायको काम, कर्तव्य र अधिकारको प्रावधान निश्चित गरिएको छ :–

- खानी तथा खनिज पदार्थ अन्वेषण सम्बन्धी नीति, योजना, कार्यान्वयन तथा नियमन।
- खानी तथा खनिज विकास विषयक अध्ययन, अन्वेषण तथा सर्वेक्षण।

उपरोक्त काम, कर्तव्य र अधिकारको दायरालाई आत्मसात् गर्दै खानी तथा भूगर्भ विभागले सम्पादन गर्ने कार्यको आधारमा यस विभागको देहायको काम, कर्तव्य र अधिकार रहेको छ :–

- भूवैज्ञानिक अध्ययन, अनुसन्धान, सर्वेक्षण।

- खानी तथा खनिज पदार्थ सम्बद्ध सरकारका नीति तथा योजनाको कार्यान्वयन एवम् नियमन ।
- खानी तथा खनिजजन्य उद्योगहरु प्रवर्धन, सञ्चालन एवम् प्रवर्द्धनको पूर्वाधार निर्माण ।
- देशमा उपलब्ध प्राकृतिक ग्याँस तथा पेट्रोलियम श्रोतको अध्ययन, अनुसन्धान, अन्वेषण, प्रवर्द्धन एवम् विकास ।
- भूकम्पीय वस्तुगत तथ्याङ्क प्राप्तिका निमित्त तथा भूकम्पीय प्रकोप सम्बन्धमा नियमित अध्ययन, अनुसन्धान, अन्वेषणमा तदारुकता एवम् निरन्तरता ।
- माथिका बुँदाहरुसँग प्रासङ्गिक भई विभागद्वारा गरिने अन्य आवश्यक कार्यहरु ।

विभागको उदेश्य :

- भू वैज्ञानिक अध्ययन तथा अनुसन्धान गरी देशको भौगर्भिक ज्ञानमा अभिवृद्धि गर्ने ।
- खनिज सम्पदाहरुको अध्ययन, अन्वेषण, मूल्याङ्कन तथा प्रवर्धन गरी सो मा आधारित खनिज उद्योगहरुको विकास गरी आर्थिक विकासमा टेवा पुऱ्याउने ।
- खानी तथा खनिज पदार्थको अध्ययन, अनुसंन्धानका लागि आवश्यक प्राविधिक सेवा उपलव्ध गराउने ।
- खनिज भण्डारमा आधारित खानी तथा खनिज उद्योगहरुको प्रवर्धन, विकास, तथा सञ्चालन गर्न खानी तथा खनिज पदार्थ ऐन तथा नियमहरु तर्जुमा गरी लागु गर्ने ।
- भूकम्पीय अध्ययन तथा अनुसन्धान, भूकम्प र भूकम्पीय प्रकोपको सहि निगरानी राख्ने ।
- पेट्रोलियम तथा प्रा. ग्यास हुन सक्ने संभावित क्षेत्रमा भौगर्भिक तथा भू-भौतिक अन्वेषण गरी पेट्रोलियमका भण्डारहरु पत्ता लगाई राष्ट्रिय/अन्तराष्ट्रिय लगानीकर्तालाई पेट्रोलियम अन्वेषण एवं उत्पादन गर्न आकर्षण गर्ने ।

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

कर्मचारी संख्या : जम्मा कर्मचारी संख्या २३२ मध्ये प्राविधिक १५७, अप्राविधिकमा २२ र श्रेणी विहिन ५३ कर्मचारीहरु कार्यरत छन् । महानिर्देशक, महाशाखा प्रमुख ३ र उप-महाशाखा प्रमुख ४ गरि रा.प.प्र. श्रेणी को ८, जियोलोजिष्ट ५२,केमिष्ट१३, माइनिङ्ग इन्जिनियर १३, मेटालर्जिकल ईन्जिनियर ६, केमिकल इन्जिनियर, मेकानिकल इन्जिनियर, कार्टोग्राफर, रिसर्च अधिकृत, डकुमेण्टेशन अफिसर र सिनियर सर्भेयर ६ गरी जम्मा अधिकृत स्तरको प्राविधिक जनशक्तिहरु **८८ व्यवस्था** गरिएको छ ।

कार्य विवरण :

१. योजना, मूल्याङ्कन तथा सूचना- पञ्चवर्षिय योजना, वार्षिक कार्यक्रम तथा बजेटको तयारी, कार्यक्रम संचालन तथा मूल्यांकन, प्रगति प्रतिवेदन तथा सूचना प्रबाह र संकलन गर्ने ।

२. **जियोलोजिकल म्यापिङ्ग-** भौगर्भिक तथ्याङ्क संकलन तथा भौगर्भिक नक्सा प्रकाशन ।

३. रिमोट सेन्सिङ्ग- दूर संवेदन प्रविधि तथा GIS प्रविधिको उपयोगवाट भौगर्भिक सर्भेक्षण तथा जियोहेजार्ड नक्सा प्रकाशन गर्ने ।

४. पेट्रोलोजि मिनरोलोजि- चट्टान तथा खनिजका नमूनाहरुको थिन सेक्सन तथा पोलिष्ड सेक्सन बनाई परिक्षण गर्ने ।

५. इन्जिनियरिङ्ग जियोलोजि- व्यवस्थित शहरी विकासको लागि इन्जिनियरिङ्ग जियोलोजिकल अध्ययन गर्ने ।

६. इन्भारोमेन्टल तथा अर्वन जियोलोजि- व्यवस्थित शहरी विकास तथा फोहर मैला व्यवस्थापन को लागि अध्ययन, अनुसन्धान तथा प्रतिवेदन तयार गर्ने ।

७. जियोटेक्निकल ल्याब- फिल्डवाट संकलित चट्टानको नमूनाहरुको जियोटेक्निकल तथा इन्जिनियरिङ्ग गुणहरुको परिक्षण गर्ने ।

८. एक्सप्लोरेसन डाटा एक्विजिसन- पेट्रोलियम अन्वेषण कार्यको लागि भू-भौतिक एसोम्याग्नेटिक साइस्मिक तथा ग्राभीटी सर्भेक्षण सम्बन्धि कार्य गर्ने ।

९. डाटाइन्टरप्रेटेसन तथा डकुमेण्टेसन- भौगर्भिक, भू-भौतिक तथा भू-रसायनिक अनुसन्धान कार्यवाट प्राप्त डाटाहरुको इन्टरप्रिटेसन तथा डकुमेन्टेसन गर्ने ।

१०. पेट्रोलियम आर्थिक अध्ययन तथा प्रबर्धन- पेट्रोलियम भण्डारको आर्थिक अध्ययन तथा प्रवर्द्धन कार्य गर्ने ।

११. भू-भौतिक तथा भू-रसायनिक- भू-भौतिक तथा भू-रसायनिक अध्ययनवाट खनिज श्रोतको अन्वेषण कार्य गर्ने ।

१२. धातु खनिज अन्वेषण- धातु खनिजको अध्ययन अनुसन्धान गर्ने ।

१३. अधातु खनिज अन्वेषण- अधातु खनिजको अध्ययन तथा अनुसन्धान गर्ने ।

१४. प्राकृतिक ग्यास तथा कोइला- कोइला तथा प्राकृतिक ग्यासको अध्ययन तथा अनुसन्धान गर्ने ।

१५. खनिज भण्डार मूल्याङ्कन- अन्वेषण कार्यवाट पत्ता लागेको अधातु र धातु खनिज भण्डारको परिमाण तथा गुणको मूल्याङ्कन गर्ने ।

१६. खनिज आर्थिक अध्ययन तथा प्रबर्धन- पत्ता लागेका खनिज भण्डारको प्राविधिक, आर्थिक, अध्ययनको अधारमा डाटा प्याकेज तयार गरीउद्योग प्रवर्द्धन सम्बन्धि कार्य गर्ने ।

१७. खनिज प्रशोधन- धातु र अधातु खनिजको प्रसोधन तथा विनिफिसियसन गर्ने ।

१८. खानि अनुमती- खनिज कार्यको लागि खोजतलास तथा उत्खनन्को अनुमतिपत्र प्रदान गर्ने ।

१९. अनुगमन तथा विवाद सामाधान- संचालनमा रहेका खानीहरुको प्राविधिक तथा वातावरणीय विवादको समाधानको तथा खानीहरुको अनुगमन र निरिक्षण गर्ने ।

२०. कार्टोग्राफी तथा सर्भे- खनिज अनुसन्धान भएको क्षेत्रको नक्सा ट्रेसिङ्ग तथा नक्साको एमोनिया प्रिन्ट गर्ने ।

२१. ड्रिलिङ्ग तथा एक्सप्लेरिटरी माइनिङ्ग- खानिज भण्डारको परिमाण यकिन गर्न ड्रिलिङ्ग कार्य गर्ने ।

२२. कन्भेन्सनल एनालाइसिस- प्रचलित तरिकावाट धाउ, चट्टान र खनिज पदार्थमा रहेको तत्वहरुको गुणात्मक र परिमाणात्मक परिक्षण, विश्लेषण कार्य गर्ने ।

२३. ट्रेस इलिमेन्ट एनालाइसिस- जियोकेमिकल नमूनाहरु जस्तै पानी, माटो, Stream sedimants आदिको गुणात्मक र परिमाणात्मक परिक्षण, विश्लेषण कार्य गर्ने ।

२४. स्याम्पल प्रिपेरेसन तथा स्टोर- विभिन्न फिल्ड कार्यवाट सम्पन्न भएका नमूनाहरुको रसायनिक परिक्षणको लागि स्याम्पल प्रिपरेसन गर्ने तथा सो नमूनाहरुको व्यवस्थित रुपमा संकलन गर्ने ।

२५. सामान्य प्रशासन- विभागीय प्रशासन सम्बन्धी कार्य गर्ने ।

२६. राष्ट्रिय भूकम्प मापन केन्द्र- साइस्मिक स्टेसन, न्एक्ष स्टेसनको संचालन, डाटा संकलन तथा प्रसोधन कार्य गर्ने ।

(घ) निकायबाट प्रदान गरिने सेवा : - *(विवरण विभाग वाट प्रदान गरिने सेवा सम्वन्दि सूचना शिर्षकमा समावेश भई अनुसुचिमा संलग्न)*

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी : - *(" विभाग वाट प्रदान गरिने सेवा सम्वन्दि सूचनाको विवरण" शिर्षकमा समावेश भई अनुसुचिमा संलग्न)*

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि : - *(" राजपत्र प्रति २,३,४ संलग्न)*

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी : - *(" विभाग वाट प्रदान गरिने सेवा सम्वन्दि सूचनाको विवरण" शिर्षकमा समावेश भई अनुसुचिमा संलग्न)*

(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी **:-** विभागिय प्रमुख

(झ) सम्पादन गरेको कामको विवरण :- आ.व. २०७३।०७४ को वार्षिक प्रगति विवरण **(अनुसूचि-३)**

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद :- कृष्ण देव झा, सि.डि.मेटा.ई., योजना मुल्यांकन तथा सूचना शाखा प्रमुख ।
सहायक सूचना अधिकारी र प्रमुखको नाम र पद :- *श्री सुरेश श्रेष्ठ, सि.डि. जियोलजिष्ट,*

(ट) ऐन, नियम, विनियम, निर्देशिकाको सूची :-

१) खानी तथा खनिज पदार्थ ऐन, २०४२ (पहिलो संसोधन २०५०)
२) खानी तथा खनिज पदार्थ नियमावली, २०५६ (पहिलो संसोधन २०६०), (दोश्रो संसोधन २०७१), (तेश्रो संसोधन २०७२), (चौथो संसोधन २०७३),
३) खनिज सर्भेक्षण (भत्ता तथा सुविधा) नियमहरु, २०२४ (पहिलो संसोधन २०६०)
४) नेपाल पेट्रोलियम ऐन, २०४०
५) पेट्रोलियम निमावली, २०४१ (दोश्रो संसोधन २०५१)
६) पेट्रोलियम अन्वेषण आयकर नियमावली, २०४१
७) राष्ट्रीय खनिज निति २०७४
८) खानी तथा भूगर्भ विभागको कार्यविधि, २०६७

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :- आ.व. २०७३।०७४ को असार महिना सम्मको खर्चको विवरण *(अनुसुचि-३ मा संलग्न)*

(ड) तोकिए बमोजिमका अन्य विवरण ।

सूचनाको हकसम्बन्धी नियमावली, २०६५ नियम (३) वमोजिम सूचना को विवरण :

(क)अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :- आ.व.२०७३।०७४मा ***खानी तथा भुगर्भ विभाग, खनिज अन्वेषण तथा विकास आयोजना, भूवैज्ञानिक सर्वेक्षण तथा अनुसंन्धान आयोजना*** अन्तरगत संचालित कार्यक्रमहरुको प्रगति विवरण *(अनुसुचि ३ मा संलग्न)*

(ख) सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण :- WWW.dmgnepal.gov.np (updated)

(ख१) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋृण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धि विवरण:-

विवरण *(....)*

(ख२) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम सोको प्रगति विवरण:- आ.व. २०७३।०७४को वार्षिक प्रगति (अनुसूचि-३ *मा संलग्न)*

(ख३) सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचननाको नियमावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:- वर्गिकरण तथा संरक्षण गरेको सूचनाको विवरण *(अनुसुचि २ मा संलग्न)*

(ख४) सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धि निवेदन र सो उपर सूचना दिएको विषयः- (अनुसूचि-१ मा संलग्न)

(ग) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः- विभागिय वार्षिक सम्पन्न कियाकलापहरु समावेश भई विभागको वार्षिक प्रकाशन "DMG annual Report " नियमित रुपमा प्रकासन भई निशुल्क उपलब्ध गराउने व्यवस्था रहेको ।

अनसूची-१

२. सूचनाको हक अन्तर्गत सूचना माग भएको विवरण

निकायको नाम :**खानी तथा भूगर्भ विभाग**

प्रतिवेदन अवधि : मंसीर २०७४ सम्म

क्र.स.	सूचना माग गर्नेको नाम, ठेगाना	सूचना माग गरेको मिति	माग गरेको सूचनाको संक्षिप्त विवरण	सूचना दिए नदिएको र सो निर्णयको मिति	कार्यालय प्रमुख वा सूचना अधिकारी मध्ये कुन तहबाट सूचना दिएको	सूचना नदिएको भए सोको कारण	कैफियत
१	श्री रमेश भट, काठमाण्डौ	२०७१।११।१७	विभाग वाट जग्गा रोक्का भएको विवरण	२०७१।११।२७	विभागीय निर्णय भई सूचना अधिकृतबाट सूचना दिएको ।	सूचना दिएको ।	
२	श्री जललाल मिया, सुर्खेत	२०७०।५।३०	अर्धकिमति पथ्थर उत्खनन सम्वन्धि ४ वुदा	२०७०।६।१०	"	"	
३	श्री जललाल मिया, सुर्खेत	२०७०।४।४	अर्धकिमति पथ्थर उत्खनन सम्वन्धि ७ वुदा	२०७०।४।२०	"	"	
४	श्री गणेश प्रसाद सिध्देल, काठमाण्डौ	२०७१।७।२६	फुलचौकि फलाम भण्डार	२०७१।८।९	"	"	
५	श्री नदिनाथ त्रिताल	२०७१।६।१	विभागको जिन्सी समान खरिद वारे	२०७१।६।२२	"	"	
६	श्री गणेश प्रसाद सिध्देल, काठमाण्डौ	२०७१।३।३१	तनहु फलाम भण्डार	२०७१।४।४	"	"	
७	श्री अशोक महर्जन, काठमाण्डौ	२०७१।३।२	क्वारजाई खानी अनुमति सम्वन्धि ९ वुदा	२०७१।३।२५	"	"	
८	श्री वविता उप्रति, काठमाण्डौ	२०७१।३।९	धादिग चुनढगा खानी	२०७१।३।१२	"	"	
९	श्री वविता उप्रति, काठमाण्डौ	२०७१।२।१९	धादिग चुनढगा खानी	२०७१।२।२७	"	"	
१०	श्री शारदा भुसाल (झा), महोतरी	२०६९।२।४	डाईनेस्टी सिमेन्ट	२०७०।२।२३	"	"	
११	श्री शारदा भुसाल (झा), महोतरी	२०७०।१०।४	डाईनेस्टी सिमेन्ट	२०६९।११।१	"	"	
१२	श्री शारदा भुसाल (झा), महोतरी	२०६९।१२।११	डाईनेस्टी सिमेन्ट	२०७०।१।३०	"	"	
१३	श्री शारदा भुसाल (झा), महोतरी	२०६९।९।६	डाईनेस्टी सिमेन्ट	२०६९।९।१८	"	"	
१४	मा. सांसद, श्री वल वहादुर के.सी.	२०७१।१०।२३	वाप्सा तामा खानी सडक सर्भे सम्वन्धमा	२०७१।१०।२३	"	"	
१५	संयुक्त समावेसी आवाज	२०७१।११।२०	बस्तु खरिदको मुल्य दररेट सम्वन्धमा	२०७१।१२।२	"	"	
१६	श्री रमेश भट गैरीधारा काठमाण्डौं	२०७१।१२।८	विभाग वाट रोक्का रहेको जग्गा सम्वन्धमा	२०७२।१।३	"	"	
१७	श्री संजिव धिमिरे (सूचनाको हकको लागि नागरिक अभियान)	२०७२।२।२१	भूकम्प सम्वन्धि विवरण	२०७२।२।२५	"	"	

१८	श्री कुमार वावु श्रेष्ठ	२०७२।९।२८	सूचना विज्ञापन, कम्युटर मर्मत तथा छपाई वापतको भूक्तानी विवरण	२०७२।१०।११	सूचना अधिकृतबाट सूचना दिएको ।	सूचना दिएको ।	
१९	श्री फ्रिडम फोरम थापाथली श्री तारानाथ दहाल श्री कुमार चौलागाई	२०७३।६।१६	सवारी साधन, ईन्धन खपत तथा मर्मत विवरण	२०७३।७।७	सूचना अधिकृतबाट सूचना दिएको ।	सूचना दिएको ।	
२०	श्री विक्रम मल्ल पर्वत	२०७३।९।२८	पर्वत फलाम खानी संचालन सम्वन्धमा	२०७३।१०।३	सूचना अधिकृतबाट सूचना दिएको ।	सूचना दिएको ।	
२१	श्री डम्वर वहादुर खत्री	२०७३।१२।७	प्याउलीॅ गाा.वि.स ४, भोजपुर को चारम्वि लगुावा खोला को भौगर्भिक अध्ययन प्रतिवेदन	२०७३।१२।१०	सूचना अधिकृतबाट सूचना दिएको ।	सूचना दिएको ।	
२२	श्री शम्भू वुढाथोकी, सुनखानी ३, सिन्धुपाल्चोक	२०७४।४।५	क्वांजाइट खानी, तातोपानी, सिन्धुपाल्चोकको निरिक्षण प्रतिवेदन	२०७४।४।२२	जि. श्री सुस्मीता भण्डारीबाट सूचना दिएको	सूचना दिएको ।	
२३	श्री ईन्द्रेणी माईन्स एण्ड मीननरल प्रा.ली, रामशाह पथ	२०७४।८।६	खास खनिजको प्रस्तावहरुको मुल्याकन को प्राप्ताक सम्वन्धमा	२०७४।८।२०	सूचना अधिकृतबाट सूचना दिएको ।	सूचना दिएको ।	

अनुसूचि- २

खानी तथा भुगर्भ विभाग

सूचनाको हक सम्वन्धि ऐन २०६४ को दफा २७ वमोजिम सूचनाको वर्गिकरण

क: गोप्य राख्नु नपर्ने सूचनाहरूमा

- आर्थिक विवरण (आम्दानी र खर्च)
- सामान खरिद गरेको संस्थाको विभागमा सुचिकृत भएको विवरण
- विभागीय संरचनाजनशक्ति र कार्य विवरण ,
- विभागबाट प्रकाशन भएका भू खनिज अन्वेषण तथा ,वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान-
- विकास तथा ,नक्सा ,प्रकाशन ,भूकम्प सम्वन्धी अध्ययन अनुसन्धमानको प्रतिवेदन
- भौगर्भिक सूचनाको विवरण

- विभागले तयार गरेको खनिज कार्यको कार्यविधि नागरिक वडापत्र तथा अनुमति पत्र ,   प्रदान गर्ने विधि सम्वन्धि विवरण
- खनिज कार्यको लागि प्रदान गरिएको अनुमतिपत्रको विवरण
- खनिज उत्पादन तथा राजश्व संकलन सम्वन्धि विवरण
- खनिज अन्वेषण तथा प्रवर्धन कार्यको विवरण
- विभागीय कार्ययोजना तथा कार्य सम्पादनको विवरण
- स्विकृत त्रिवर्षिय योजनावार्षिक कार्यक्रम तथा प्रगति विवरण ,
- सेवाग्राहिलाई विभागबाट प्रदान गरिने सेवा तथा अन्य विभागीय गतिविधिहरूको विवरण
- पेट्रोलियम अन्वेषण सम्वन्धी प्रकाशित भएका प्रतिवेदन व्रोसर तथा अन्वेषण खण्डका , भौगर्भिक नक्साहरू

ख: गोप्य राख्नु पर्ने सूचनाहरूमा

- पेट्रोलियम अन्वेषण तथा उत्पादन कार्यको लागि अन्तराष्ट्रिय तेल कम्पनिहरुसंग भएको पेट्रोलियम सम्झौता पत्र
- विभाग तथा स्वदेशी विभागबाट भएका खनिज अन्वेषण तथा सर्भेक्षण र ,उद्यमी संग भएको सम्झौता पत्र/विदेशी लगानीकर्ता/ पेट्रोलियम अन्वेषण सम्वन्धी डाटा प्याकेजहरू

❖ **गोप्य रहनु पर्ने अवधि :**

- सम्झौता पत्रको हकमा सम्झौतामा उल्लेख भएको अवधिमा थप पाँच वर्ष सम्म ।
- डाटा प्याकेजहरूको हकमा प्रकाशन नभए सम्म ।

❖ **गोप्य राख्नु पर्ने कारण :**

➢ सूचनाको हक सम्वन्धी ऐन व्यापारिक हितमा गम्भिर आघात पार्ने भएकोले ,वमोजिम आर्थिक (ग) ३ को उपदफा ३ दफा २०६४ , ।

अनुसुचि -सूचनाको हकसम्वन्धि ऐन, २०६४को दफा (५) को उपदफा (३.ध,ड.,च, छ) अनुसार

विभाग वाट प्रदान गरिने सेवा सम्वन्धि सूचनाको विवरण

((घ) निकायबाट प्रदान गरिने सेवा, (ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, (च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, (छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी,

)

क. सं.	निकायबाट प्रदान गरिने सेवा	निर्णय गर्ने प्रक्रिया र अधिकारी,	सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी	सेवा प्राप्त गर्न लाग्ने दस्तुर	सेवा प्राप्त गर्न लाग्ने अवधि
१	खनिज खोजतलास अनुमतिपत्र प्रदान गर्ने ।	निवेदन दर्ता	मूल दर्ता	खानी तथा खनिजपदार्थ नियमावली, ०५६,को अनुसुचि ४ (क)र)ध) तथा अनुसुचि १४ वमोजिम (अनुसुचिको प्रति संलग्न)	तुरुन्तै
		तोक आदेश	महानिर्देशक		सोहि दिन
		खानी अनुमति शाखामा दर्ता	खानी अनुमति शाखा		१ दिन
		मा.स.ई./सर्भेयर/मा.ई./जियोलोष्टिले राय पेश गर्ने	खानी अनुमति शाखा		१ दिन
		शाखा प्रमुख/उप महाशाखा प्रमुख/महाशाखा प्रमुखले राय पेश गर्ने	खानी अनुमति शाखा/उप महाशाखा / खनीज सम्पदा महाशाखा		१ दिन
		खनिज खोजतलास अनुमतिपत्र प्रदान गर्ने /नगर्ने बारे महानिर्देशकको निर्णय	महानिर्देशक		सोहि दिन
		सेवाग्राहीलाई निर्णयको जानकारी दिने	खनीज सम्पदा महाशाखा/ उप महाशाखा/ खानी अनुमति शाखा		१ दिन
२	खनिज खोजतलास अनुमतिपत्र नविकरण गर्ने ।	निवेदन दर्ता	मूल दर्ता	खानी तथा खनिजपदार्थ नियमावली, ०५६, को अनुसुचि ४ (क) तथा अनुसुचि १४ वमोजिम (अनुसुचिको प्रति संलग्न)	तुरुन्तै
		तोक आदेश	महानिर्देशक		सोहि दिन
		खानी अनुमति शाखामा दर्ता	खानी अनुमति शाखा		१ दिन
		मा.स.ई./सर्भेयर/मा.ई./जियोलोजिष्टले राय पेश गर्ने	खानी अनुमति शाखा		१ दिन
		शाखा प्रमुख/उप महाशाखा प्रमुख/महाशाखा प्रमुखले राय पेश गर्ने	खानी अनुमति शाखा/उप महाशाखा / खनीज सम्पदा महाशाखा		१ दिन
		खनिज खोजतलास अनुमतिपत्र नविकरण गर्ने /नगर्ने बारे महानिर्देशकको निर्णय	महानिर्देशक		सोहि दिन

		नविकरण गरि अनुमतिपत्र जारी गर्ने	खनीज सम्पदा महाशाखा/ उप महाशाखा/ खानी अनुमति शाखा		१ दिन
३	खनिज उत्खनन् अनुमतिपत्र प्रदान गर्ने ।	निवेदन दर्ता (आवश्यक कागजात र प्रस्ताव सहित)	मुल दर्ता	खानी तथा खनिजपदार्थ नियमावली, ०५६,को अनुसुचि ४ (ख)र)ध) तथा अनुसुचि १४ वमोजिम (अनुसुचिको प्रति संलग्न)	तुरुन्तै
		तोक आदेश	महानिर्देशक		सोहि दिन
		खनिज सम्पदा महाशाखा/उपमहाशाख/ खानी अनुमति शाखामा दर्ता	खानी अनुमति शाखा		१ दिन
		मा.स.ई./सर्भेयर ले राय पेश गर्ने	खानी अनुमति शाखा		५ दिन
		मा.ई./जियोलोजिष्टले राय पेश गर्ने	खानी अनुमति शाखा		५ दिन
		शाखा प्रमुख/उप महाशाखा/ महाशाखा प्रमुख ले राय पेश गर्ने	खानी अनुमति शाखा/उप महाशाखा / खनीज सम्पदा महाशाखा		१० दिन
		कागजात नपुग भएमा थप गर्ने वा सच्याउन लगाउने वा कागजात ठिक भएमा स्थलगत निरिक्षण (माईनिङ्ग स्किम फिल्ड भेरिफिकेशन) को लागि महानिर्देशकको निर्णय	महानिर्देशक/ खनीज सम्पदा महाशाखा/ उप महाशाखा/ खानी अनुमति शाखा		३ दिन
		स्थलगत निरिक्षण गरि प्रतिवेदन पेश गर्ने	स्थलगत निरिक्षण मा गएको कर्मचारी		१ महिना
		पेश माईनिङ्ग स्किम फिल्ड भेरिफिकेशन अनुसार भएमा IEE को TOR पेश गर्ने वा EIA को प्रक्रियामा जाने महानिर्देशकको निर्णय वा पेश माईनिङ्ग स्किम फिल्ड भेरिफिकेशन अनुसार नभएमा कैफियत सच्चाउन लगाउने वा माईनिङ्ग स्किम अस्विकृत गर्ने महानिर्देशकको निर्णय र सो को जानकारी दिने	महानिर्देशक/ खनिज सम्पदा महाशाखा /उप महाशाखा/ खानी अनुमति शाखा		४ दिन
		पेश TOR स्विकृत भएमा IEE पेश गर्ने निर्णय वा अस्विकृत गर्ने निर्णय र सो को जानकारी दिने	महानिर्देशक/ खनिज सम्पदा महाशाखा /उप महाशाखा/खानी अनुमति शाखा		५ दिन
		पेश IEE वातावरण समितिमा छलफल भै मूल्यांकन गरिने ।	खानी तथा भूगर्भ विभागमा गठित वातावरण समिति		२० दिन
		वातावरण समितिले स्विकृत गर्न सिफरिस गरेमा IEE स्विकृत गरी जानकारी दिने	खानी अनुमति शाखा		१० दिन
		पेश EIA वा IEE स्विकृत भै आएमा राजस्व दाखिला गर्न जानकारी दिने	खानी अनुमति शाखा		२ दिन

		राजस्व दाखिला भै आएपछि खनिज उत्खनन् अनुमतिपत्र प्रदान गर्ने	महानिर्देशक/ खनिज सम्पदा महाशाखा / उप महाशाखा/खानी अनुमति शाखा		५ दिन
४	खनिज उत्खनन् अनुमतिपत्र नविकरण गर्ने	निवेदन दर्ता	मूल दर्ता	खानी तथा खनिजपदार्थ नियमावली, ०५६,को अनुसुचि ४ (ख) तथा अनुसुचि १४ वमोजिम (अनुसुचिको प्रति संलग्न)	तुरुन्तै
		तोक आदेश	महानिर्देशक		सोहि दिन
		खानी अनुमति शाखामा दर्ता	खानी अनुमति शाखा		१ दिन
		मा.स.ई./सर्भेयर/मा.ई./जियोलोष्टिले राय पेश गर्ने	खानी अनुमति शाखा		१ दिन
		शाखा प्रमुख/उप महाशाखा प्रमुख/ महाशाखा प्रमुख ले राय पेश गर्ने	खानी अनुमति शाखा/उप महाशाखा / खनीज सम्पदा महाशाखा		१ दिन
		खनिज उत्खनन् पत्र नविकरण गर्ने /नगर्ने बारे महानिर्देशकको निर्णय	महानिर्देशक		सोहि दिन
		नविकरण गरि अनुमतिपत्र जारी गर्ने	खनीज सम्पदा महाशाखा/उप महाशाखा/खानी अनुमति शाखा		१ दिन
५	खनिज खोजतलास अनुमतिपत्रको अवधि थप गर्ने	निवेदन दर्ता	मूल दर्ता	खानी तथा खनिजपदार्थ नियमावली, ०५६,को अनुसुचि ४ (क)वमोजिम (अनुसुचिको प्रति संलग्न)	तुरुन्तै
		तोक आदेश	महानिर्देशक		१ दिन
		खानी अनुमति शाखामा दर्ता	खानी अनुमति शाखा		१ दिन
		मा.स.ई./सर्भेयर/मा.ई./जियोलोष्टिले राय पेश गर्ने	खानी अनुमति शाखा		२ दिन
		शाखा प्रमुख/उप महाशाखा/महाशाखा प्रमुख ले राय पेश गर्ने	खानी अनुमति शाखा/उप महाशाखा /खनीज सम्पदा महाशाखा		२ दिन
		खनिज खोजतलास अनुमतिपत्रको अवधि थप गर्ने/नगर्ने बारे महानिर्देशकको निर्णय र राजस्व दाखिला गर्न जानकारी दिने	महानिर्देशक		सोहि दिन
		राजस्व दाखिला भै आएपछि अबधि थप गरि अनुमतिपत्र जारि गर्ने	खनीज सम्पदा महाशाखा/उप महाशाखा/खानी अनुमति शाखा		१ दिन
६	खनिज उत्खनन् अनुमतिपत्रको अवधि थप गर्ने	निवेदन दर्ता	मूल दर्ता	खानी तथा खनिजपदार्थ नियमावली, ०५६,को अनुसुचि ४ (ख)	तुरुन्तै
		तोक आदेश	महानिर्देशक		१ दिन
		खानी अनुमति शाखामा दर्ता	खानी अनुमति शाखा		१ दिन

		मा.स.ई./सर्भेयर/मा.ई./जियोलोष्टिले राय पेश गर्ने	खानी अनुमति शाखा	(अनुसुचिको प्रति संलग्न)	२ दिन
		खनिज उत्खनन् अनुमतिपत्रको अवधि थपका लागि प्राविधिकबाट स्थलगत निरिक्षण गरि प्रतिवेदन पेश गर्ने	खानी अनुमति शाखा/उप महाशाखा /खनीज सम्पदा महाशाखा		२० दिन
		स्थलगत निरिक्षण प्रतिवेदन उपर शाखा प्रमुख/उप महाशाखा/महाशाखा प्रमुख ले राय पेश गर्ने	खानी अनुमति शाखा/उप महाशाखा /खनीज सम्पदा महाशाखा		१ दिन
		खनिज उत्खनन् अनुमतिपत्रको अवधि थप गर्ने /नगर्ने बारे महानिर्देशकको निर्णय र राजस्व दाखिला गर्न जानकारी दिने	महानिर्देशक		सोहि दिन
		राजस्व दाखिला भै आएपछि अवधि थप गरि अनुमतिपत्र जारि गर्ने	महानिर्देशक/ खनिज सम्पदा महाशाखा/ उप महाशाखा / खानी अनुमति शाखा		१ दिन
७	खनिज अनुमतिपत्र नामसारी गर्ने	निवेदन दर्ता	मूल दर्ता	खानी तथा खनिजपदार्थ नियमावली, ०५६,को अनुसुचि ४ (क)र(ख) वमोजिम (अनुसुचिको प्रति संलग्न)	तुरुन्तै
		तोक आदेश	महानिर्देशक		१ दिन
		खानी अनुमति शाखामा दर्ता	खानी अनुमति शाखा		१ दिन
		मा.स.ई./सर्भेयर/मा.ई./जियोलोष्टिले राय पेश गर्ने	खानी अनुमति शाखा		१ दिन
		शाखा प्रमुख/उप महाशाखा/महाशाखा प्रमुख ले राय पेश गर्ने	खानी अनुमति शाखा/उप महाशाखा /खनीज सम्पदा महाशाखा		१ दिन
		नामसारि गर्ने भएमा राजस्व दाखिला गर्न जानकारी दिने वा कागजात नपुग भएमा वा नामसारि नगर्ने निर्णय भएमा सोको जानकारि दिने	महानिर्देशक खनीज सम्पदा महाशाखा/उप महाशाखा/खानी अनुमति शाखा		१ दिन
		राजस्व दाखिला भै आएपछि नामसारि गरि अनुमतिपत्र जारि गर्ने	महानिर्देशक/ खनीज सम्पदा महाशाखा/ उप महाशाखा/ खानी अनुमति शाखा		१ दिन
८	खनिज पदार्थको निकासि सिफरिस	निवेदन दर्ता	मूल दर्ता	खानी तथा खनिजपदार्थ नियमावली, ०५६,को अनुसुचि ४ (ग) वमोजिम (अनुसुचिको प्रति संलग्न)	तुरुन्तै
		तोक आदेश	महानिर्देशक		सोहि दिन
		खानी अनुमति शाखामा दर्ता	खानी अनुमति शाखा		१ दिन
		मा.स.ई./सर्भेयर/मा.ई./जियोलोष्टिले राय पेश गर्ने	खानी अनुमति शाखा		१ दिन
		शाखा प्रमुख/उप महाशाखा/ महाशाखा प्रमुख ले राय पेश गर्ने	खानी अनुमति शाखा/उप महाशाखा		१ दिन

			/खनीज सम्पदा महाशाखा		
		खनिज पदार्थको निकासि सिफरिस दिने वा नदिने निर्णय	महानिर्देशक		सोहि दिन
		खनिज पदार्थको निकासि सिफरिस दिने भएमा राजस्व दाखिला गर्ने जानकारी दिने	खनीज सम्पदा महाशाखा/उप महाशाखा/खानी अनुमति शाखा		१ दिन
		राजस्व दाखिला भै आइपछि सिफरिस पत्र जारि गर्ने	खनीज सम्पदा महाशाखा/उप महाशाखा/खानी अनुमति शाखा		१ दिन
९	साधारण निर्माणमुखि खनिज पदार्थको उत्खनन् अनुमतिपत्र जारि गर्न सम्बन्धित जिल्ला विकास समितिलाई सहमति प्रदान गर्ने ।	सम्बन्धित जि.बि.स.को. पत्र (आवश्यक कागजात र प्रस्ताव सहित) दर्ता	मूल दर्ता	खानी तथा खनिजपदार्थ नियमावली, ०५६,को नियमावली ३७ अनुसार अनुसुचि ४ (ख)को २० % (अनुसुचिको प्रति संलग्न)	तुरुन्तै
		तोक आदेश	महानिर्देशक		सोहि दिन
		खनिज सम्पदा महाशाखा हुदै खानी अनुमति शाखामा दर्ता	खानी अनुमति शाखा		१ दिन
		मा.स.ई./सर्भेयर ले राय पेश गर्ने	खानी अनुमति शाखा		५ दिन
		मा.ई./जियोलोष्टिले राय पेश पर्ने	खानी अनुमति शाखा		५ दिन
		शाखा प्रमुख/उप महाशाखा/ महाशाखा प्रमुख ले राय पेश गर्ने	खानी अनुमति शाखा/उप महाशाखा /खनीज सम्पदा महाशाखा		१० दिन
		कागजात नपुग भएमा थप गर्ने वा सच्चाउन लगाउने वा कागजात ठिक भएमा स्थलगत निरिक्षण (माईनिङ्ग स्किम फिल्ड भेरिफिकेशन) को लागि महानिर्देशकको निर्णय	महानिर्देशक		३ दिन
		स्थलगत निरिक्षण गरि राय पेश गर्ने	खानी अनुमति शाखा/उप महाशाखा /खनीज सम्पदा महाशाखा		१ महिना
		पेश माईनिङ्ग स्किम फिल्ड भेरिफिकेशन अनुसार भएमा IEE को TOR पेश गर्ने वा EIA को प्रक्रियामा जाने महानिर्देशकको निर्णय वा पेश माईनिङ्ग स्किम फिल्ड भेरिफिकेशन अनुसार नभएमा कैफियत सच्चाउन लगाउने वा माईनिङ्ग स्किम अस्विकृत गर्ने महानिर्देशकको निर्णय र सो को जानकारी दिने	महानिर्देशक/ खनीज सम्पदा महाशाखा/ उप महाशाखा/ खानी अनुमति शाखा		४ दिन
		पेश TOR स्विकृत भएमा IEE पेश गर्ने निर्णय वा अस्विकृत गर्ने निणैय र सो को जानकारी दिने	खनीज सम्पदा महाशाखा/उप महाशाखा/खानी अनुमति शाखा		५ दिन

		पेश IEE वातावरण समितिमा छलफल भै मूल्यांकन गरिने । कैफियतहरु रहेमा सच्चाउन जानकारी दिने, नभएमा उच्चस्तरीय वातावरण कमिटिमा सिफरिसको लागि पठाउने	खनीज सम्पदा महाशाखा/उप महाशाखा/खानी अनुमति शाखा		२० दिन
		उच्चस्तरीय वातावरण कमिटिबाट सिफरिस भै आएमा र वतावरण समितिले IEE स्विकृत गर्न सिफरिस गरेमा IEE स्विकृत गरी जानकारी दिने	खनीज सम्पदा महाशाखा/उप महाशाखा/खानी अनुमति शाखा		१० दिन
		पेश EIA वा IEE स्विकृत भै आएमा राजस्व दाखिला गर्न र प्रतिलिपि फाईल तयार गर्न जानकारी दिने	खनीज सम्पदा महाशाखा/उप महाशाखा/खानी अनुमति शाखा		२ दिन
		राजस्व दाखिला भै आएपछि खनिज उत्खनन् अनुमतिपत्र प्रदान गर्न सम्वन्धित जिल्ला विकास समितिलाइ सहमति दिने	खनीज सम्पदा महाशाखा/उप महाशाखा/खानी अनुमति शाखा		५ दिन

क. सं.	निकायबाट प्रदान गरिने सेवा	निर्णय गर्ने प्रकिया र अधिकारी,	सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी	सेवा प्राप्त गर्न लाग्ने दस्तुर	सेवा प्राप्त गर्न लाग्ने अवधि
१	रसायनिक विश्लेषन	रु १०।- को टिकट सहितको निवेदन साथ आवश्यक परिणाममा खनिजको नमुना र परिक्षण गर्नु पर्ने खनिजको प्यारामिटरहरु उल्लेख हुनु पर्ने । निर्धारित दस्तुर लिई परिक्षण गर्ने ।	कन्भेनसनल एनालाइसिस शाखा, रसायनिक प्रयोगशाला उपमहाशाखा,	अनुसुचिमा संलग्न	१५ दिन देखि १ महिना
२	चट्टान तथा खनिज पदार्थ अध्ययन विश्लेषन	रु १०।- को टिकट सहितको निवेदन साथ आवश्यक परिणाममा खनिजको तथा चट्टान नमुना प्राप्ती । निर्धारित दस्तुर लिई परिक्षण गर्ने ।	मिनरोलोजि तथा पेट्रोलोजी शाखा		३ दिन
ग	**सुचना प्रवाह तथा अन्य सेवाहरु**				
१	खानी तथा भूगर्भ विभागको कार्य सम्बन्धि सूचना प्रवाह	GIS Based Mining and Geological Information System तयार गरी विभागको वेव साईट (web site) वाट सम्पूर्ण शाखाहरुको कृयाकलाप बारे जानकारी गराउने ।	योजना मुल्यांकन तथा सूचना शाखा	अनुसुचिमा संलग्न	१ महिना
		खनिज कार्यको अनुमतिपत्र जारि/नविकरण/रद्ध/नामसारि, क्षेत्र विबरण हरुको सुचना टाँस गर्ने	खनिज सम्पदा महाशाखा मार्फत खानी अनुमति शाखा		१ महिना
२	भौगर्भिक, इन्जिनियरिङ्ग जियोलोजिकल तथा ल्याण्ड स्लाइड हजार्ड जोनेसन नक्साहरु उपलब्ध गराउने	निर्धारित दस्तुर लिई नक्सा उपलब्ध गराउने।	भौगर्भिक म्यापिङ, इन्जिनियरिङ्ग जियोलोजिकल, अर्वन जियोलोजिकल तथा रिमोट सेन्सिङ्ग शाखाहरु		१ दिन
३	भूकम्प सम्वन्धी सुचना उपलब्ध गराउने	रु १०।- को टिकट सहितको निवेदन प्राप्त भई सुचना उपलब्ध गराउने ।	रा. भू. मा. केन्द्र		१ दिन
४	ठुला(४ मान भन्दा बढी) भूकम्पहरुको निगरानी	नेपाल र यसको आसपासमा जाने सवै भूकम्पहरुको निरन्तर निगरानी गरी ४ मान भन्दा ठुला भूकम्पहरु गएमा सो भूकम्पहरुको केन्द्र विन्दु र मान गृह मन्त्रालय अन्तरगतको NEOC लगायत संचार माध्यमहरुलाइ यथाशिघ्र जानकारी दिने ।	रा. भू. मा. केन्द्र		यथाशिघ्र

५	खनिज संग्राहालय शैक्षिक भ्रमण	रु १०।- को टिकट सहितको निवेदन निर्धारित दस्तुर लिई म्यूजियमको अवलोकन गराउने ।	मिनरोलोजि तथा पेट्रोलोजी शाखा		७ दिन

ख) प्रयोगशाला सेवा

रसायनिक परिक्षण शुल्क

सि.नं.	विवरण	विक्रि मूल्य
१.	Limestone विस्तृत परिक्षण	रु. ८००।-
२.	Silicate चट्टान परिक्षण	रु. १०००।-
३.	कोइला परिक्षण (Sulphur विश्लेषण समेत)	रु. ६५०।-
४.	धातु खनिज परिक्षण भू-रसायनिक विश्लेषण	रु. २००।-
५.	पानीको रसायनिक विस्तृत विश्लेषण	रु. १४५०।-

नक्साको विक्रि मूल्य

सि.नं.	विवरण	विक्रि मूल्य
१.	बहुरंगिन भौगभिक नक्सा (1:50,000)	२७५।-
२.	ल्याण्ड स्लाइड हजार्ड म्याप (1:50,000)	२७५।-
३.	इन्जि. एण्ड इन्भारमेन्टल जियोलोजिकल म्याप (1:50,0000)	२७५।-
४.	जियोलोजिकल म्याप अफ नेपाल (1:1000,000)	५५०।-

५.	भौगर्भिक नक्सा/क्षेत्रिय पूर्वाञ्चल बाहेक (1:250,000)	३३०।-
६.	Epicenter Map (1:1000,000)	२७५।-
७.	पे.अ.प. बाट प्रकाशित नक्साहरु	३३०।-
८.	Seismic hazard map of Nepal	२७५।-
९.	Road section brochure	२७५।-
१०.	भौगर्भिक म्याप (पूर्वाञ्चल क्षेत्र) (1:250,000)	४६५।-
११.	Photogeological map of part of central Nepal (1:100,000)	३३०।-
१२.	Geological map of KTM area and Central Mahabharat Range (1:250,000)	३३०।-
१३.	Mineral Resources of Nepal (Book)	३००।-

Parameter Wise Analysis Rate

S.N.	Type of sample	Unite Rate (Rs.)
I	**Limestone**	
	(a) Sample preparation	40.00
	(b) Moisture	35.00
	(c) Loss on ignition	75.00

	(d) Acid insoluble matter	125.00
	(e) Total Oxide	125.00
	(f) CaO/MgO	275.00
	(g) Iron Oxide	125.00
	Complete analysis	800.00
II	**Silicate Rock**	
	(a) Sample preparation	40.00
	(b) Moisture	35.00
	(c) Loss on ignition	75.00
	(d) Silica	325.00
	(e) Total Oxide	125.00
	(f) CaO/MgO	275.00
	(g) Iron Oxide	125.00
	Complete analysis	1000.00
III	**Coal**	
	(a) Sample preparation	40.00
	(b) Moisture	35.00
	(c) Total Ash	100.00

	(d) Volatile matter	225.00
	(e) Sulphur	250.00
	Complete analysis	
	with Sulphur	**650.00**
	Without Sulphur	**400.00**
IV	**Metal/Mineral**	
	(Geo chemical Analysis	
	e.g. Cu,Pb, Zn,Fe,Na, K,Ca,Mg Cr,Ni,Cd etc. Each	**200.00**

अनुसुचि -सूचनाको हकसम्वन्धि ऐन, २०६४को दफा (५) को उपदफा (३.च) अनुसार

स्वायल तथा चट्टानको परीक्षण

सि.नं.	विवरण	विक्रि मूल्य
१.	स्वायल टेष्ट	
	क. डाई सिभ (Dry Seive) एनालाइसिस	रु. २५०।-
	ख. वेट सिभ (Wet Seive) एनालाइसिस	रु. २७०।-
	ग. हाइड्रोमिटर (Hydrometer) एनालाइसिस	रु. ४००।-
	घ. याटरवर्ग (Atterberg) लिमिट	रु. २२०
	ङ. माइस्चर कन्टेण्ट	रु. ५०।-
	च. मोडिफाइड कम्प्याक्सन (Modified compaction) टेष्ट	रु. ५८०।-
	छ. सोक्ड सि.वि.आर (Soaked CBR)	रु.११५०।-
	ज. डाइरेक्ट सियर (Direct shear) टेष्ट	रु. ६५०।-
	झ. कन्सोलिडेसन (Consolidation) टेष्ट	रु. ९१०।-
	ञ. यु.सि.आर. (UCR) टेष्ट अन कोहेसिभ स्वायल (Cohesive soil)	रु. ६००।-
२.	रक टेष्ट चट्टान परिक्षण	
	क. लस एनजलस आव्रेसन (Los Angelos abrasion)	रु. ७९०।-

	ख. अनकनफाइण्ड कम्पेशिभ स्ट्रेन्थ (Unconfined compressive strength)	रु. ८००।-
	ग. प्वाईन्ट लोड (Point load) टेष्ट	रु. ८०।-
	घ. स्मिथ ह्यामर (Schmidt hammer) टेष्ट व्लक स्याम्पलमा	रु. २००।-
	ङ. स्लेक ड्युराविलिटि (Slake durability)	रु. ४००।-
	च. एग्रिगेट क्रसिङ (Aggregate crussing) भ्याल्यु	रु. ४१५।-
	छ. एग्रिगेट इम्प्याक्ट (Aggregat impact) भ्याल्यु	रु. ४२०।-
	ज. टेनसाइल स्ट्रेन्थ (Tensile strength)	रु. ४००।-
३.	फिल्ड टेष्टहरु	
	क. अगर वोरिङ (Auger boring) साधारण स्वायलमा प्रतिमिटर	रु. २००।-
	ख. एस.पि.टि. (SPT) टेष्ट/प्रति टेष्ट	रु. ३००।-
	ग. डाइनामिक कोन पेनेट्रेसन टेष्ट/प्रति टेष्ट	रु. २००।-

पेट्रोलोजी र मिनरोलजिकल प्रयोगशाला

सि.नं.	विवरण	विक्रि मूल्य
१.	रक कटिङ तथा पलिसिड	

	क. रक कटिङ १० से.मि. सम्मको	रु. १००।-
	ख. रक कटिङ १० से.मि. माथिको	रु. २००।-
	ग. रक कटिङ तथा पलिसिङ १० से.मि. सम्मको	रु. २००।-
	घ. रक कटिङ तथा पलिसिङ १० से.मि. माथिको	रु. ५००।-
२.	पोलिष्ड सेक्सन बनाउने	रु. २५०।-
३.	पोलिष्ड सेक्सन अध्ययन प्रति स्याम्पल	रु. ३५०।-
४.	थिन सेक्सन तयार गर्ने	रु. २५०।-
५.	थिन सेक्सन अध्ययन प्रति स्याम्पल	रु. ३५०।-
६.	एक/मिनरल पहिचामन आइडेण्टिफिकेसन	रु. २००।-
७.	अर्ध किमति पत्थर	
	क. मिनरल आइडेण्टिफिकेसन भिजुअल	रु. २००।-
	ख. मिनरल आइडेण्टिफिकेसन इन्स्टुमेण्टल	रु. ५००।-
८.	किमति पत्थर	
	क. मिनरल आइडेण्टिफिकेसन भिजुअल	रु. २००।-
	ख. मिनरल आइडेण्टिफिकेसन इन्स्टुमेण्टल	रु. १०००।-
९.	हेभि मिनरल सेपरेसन ५० ग्रामसम्मको स्याम्पल	रु. ३००।-

१०.	हेभि मिनरल अध्ययन	रु. ५००।-

संग्रहालय अवलोकन

विभागमा खनिज पदार्थ सम्बन्धी (जियोलजिकल म्युजियम) एक संग्रहालय छ । रु. ५००।- राजस्व दाखिला गरी संग्रहालय अवलोकन (Guided tour) गर्न सकिन्छ । यस संग्रहालयको अवलोकनका लागि शिक्षण संस्थाहरुले आफ्नो शिक्षण संस्थाको व्यहोरा खुलाइएको पत्र पेट्रोलजी, निरलोजी तथा प्यालेण्टलजी शाखा, उपमहानिर्देशक वा महानिर्देशक समक्ष पेश गरी महानिर्देशकबाट निर्णय गराइनु पर्छ । यस संग्रहालयको Guided tour को जिम्मेवारी पेट्रोलजी, मिनरलोजि तथा प्यालेण्टलजी शाखाका शाखा प्रमुखको रहन्छ ।

GIS Data

S.N.	Feature	Person	Institute
1.	Polygon Feature	Rs. 300	Rs. 700
2.	Line Feature	Rs. 200	Rs. 400
3.	Point Feature	Rs/. 100	Rs. 200